नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
# सडक डिभिजन बैतडी

visit Nepal 2020

मिति : २०७६-०२-२४

पत्र संख्या : २०७५/७६
च.नं. : ६४०

११६९
२०७६/०३/०२

श्री पर्यटन विकास कार्यक्रम कार्यन्वयन इकाई,
धनगढी, कैलाली ।

विषय : सडक प्रवेशद्वार निर्माणकार्य सम्बन्धमा

प्रस्तुत विषयमा यस सडक डिभिजन अन्तर्गत रहेको अनारखोली- खोड्पे सडकखण्ड अन्तर्गतको अनारखोली नामक स्थानमा यस कार्यलयलाई औपचारिक जानकारी नगराई केहि व्यक्तिहरुद्वारा प्रवेशद्वार निर्माणगर्ने भनि बाटोको छेउछाउंमा खन्ने कार्य भईरहेको व्यहोरा जानकारी गराउन चाहन्छु। साथै, सो सडक छेउछाउंमा खन्ने क्रममा निस्किएका माटो, ढुंगाहरु सडक सतहमा थुप्रिन गई उक्त सडकमा हालसालै भईरहेको आवधिक मर्मतको ५० मि. अंश समेत पूर्ण रुपमा प्रभावित भई नोक्सानी व्यहोर्नुपरेको तथा यातायात आवागमनमा समेत प्रतिकुल असर पारिरहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु। सो प्रवेशद्वार निर्माणकार्य सम्बन्धमा बुझ्दा तहाँ कार्यालय मार्फत सो निर्माणकार्य संचालन भईरहेको जानकारी प्राप्त भएकोले राष्ट्रिय राजमार्गको छेउछाउंमा कुनैपनि स्थाई/अस्थाई संरचना निर्माण गर्दा यस कार्यालय संग औपचारिक समन्वय गरि नियमानुसार केन्द्रबाट २५ मि दायाँ, २५ मि बायाँ Right of Way छाडी निर्माण गर्नुपर्ने भएकोले सोहि बमोजिम निर्माणकार्य गर्ने/गराउनहुन अनुरोध छ ।

(शंकर खनाल)
नि.डिभिजन प्रमुख

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, बैतडी ।
श्री जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा ।
श्री पाटन नगरपालिका, पाटन, बैतडी ।
श्री अमरगढी नगरपालिका, डडेल्धुरा ।

सम्पर्क नं. : ०९५-४०००१२ फ्याक्स नं. : ०९५-४०००९ ईमेल ठेगाना : drobaitadi@gmail.com

"निजामती सेवाको प्रतिबद्धता : पारदर्शिता र चुस्तता"